(ग र घ वर्ग अपाङ्ग)

# मध्यम र सामान्य अपाङ्ग भएका व्यक्तिलाई आर्थिक सहयोग वितरण कार्यविधि २०७९

सुनकोशी गाउँपालीका को रामटार, सिन्धुली

कार्यपालिका बाट पारित मिति :

प्रस्तावना : नेपालको संविधान, अपांगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि ऐन, २०७४ तथा संयुक्त राष्ट्रसंघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरेको अपांगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि महासन्धी २००६ को उद्देश्य, मर्म र भावना बमोजिम अपांगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि ऐन २०७४ को दफा ११ उपदफा २ र त र ११(४) च मा व्यवस्था भए बमोजिम तथा अपांगता भएका व्यक्तिहरुको अपांगता परिचय पत्र वितरण कार्यविधि २०७५ को परिभित्र रही अपांगता परिचयपत्र प्राप्त गरेको सुनकोशी गाउँपालिका भित्रका मध्यम र सामान्य अपांगता भएका व्यक्तिलाई आर्थिक सहयोग उपलब्ध गराउन सुनकोशी गा.पा.को प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७७ को दफा ४ बमोजिम सुनकोशी गाउँपालिका गाउँकार्यपालिकाबाट मध्यम र सामान्य अपांगता भएका व्यक्तिहरुलाई आर्थिक सहयोग वितरण कार्यविधि २०७९ जारी गरिएको छ ।

## <u>परिच्छेद-१</u>

## <u>प्रारम्भिक</u>

### <u>प्रारम्भिक</u>

१) संक्षिप्त नाम र प्रारम्भ : (क) यो कार्यविधिको नाम मध्यम र सामान्य(ग र घ वर्गका ) अपाङ्गता भएका व्यक्तिलाई आर्थिक सहयोग वितरण कार्यविधि २०७९ रहने छ ।

ख) यो राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

## परिच्छेद–२

## <u>परिभाषा र व्याख्या</u>

२.परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) ऐन नाम : अपाङ्गता भएको ब्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४(पहिलो संशोधन) समेत सम्झनु पर्दछ)

ख)अध्यक्ष भन्नाले सुनकोशी गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ ।

ग) परिचय पत्र : भन्नाले अपाङ्गता भएका ब्यक्तिलाई दिइने परिचय पत्र सम्झनु पदर्छ ।

घ) स्थानीय तह भन्नाले : सुनकोशी गाउँपालिका सम्झनु पर्दछ ।

ङ) वडा कार्यालय भन्नाले सुनकोशी गाउँपालीका सबै वडा कार्यलय सम्झनु पर्दछ ।

## परिच्छेद-३

## उद्देश्य

**३.उद्देश्य**

**१)यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन ।**

क) यस गाउँपालिका भित्र बसोवास गर्ने  नेपाल सरकारले तोकिएका क र ख वर्गका(पूर्ण अशक्त अपांगता र अति अशक्त अपांगता) बाहेक ग र घ वर्गका(मध्यम र सामान्य) अपाङ्गता भएका नेपाली नागरिकहरुको पहिचान गरी उनीहरुलाई स्थानीय सरकारको सेवा सुविधामा पहुँच स्थापित गर्न त्यस्ता अपाङ्गता भएका ब्यक्तिहरुको लगत तयार गर्न ।

ख) अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार सम्बन्धि ऐन र अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार सम्बन्धि अन्तराष्ट्रिय महासन्धि २००६ मा नेपाल सरकारले जनाएको प्रतिवद्धता बमोजिम अपाङ्गता ग र घ(मध्यम र सामान्य ) वर्गका अपाङ्गता भएका ब्यक्तिलाई सेवा सुविधा उपलब्ध गराउन ।

## परिच्छेद-४

## मापदण्ड

**४.मापदण्ड (आवश्यक कागजात )**

**मध्यम र सामान्य अपाङ्गता ( ग र घ ) वर्गका ब्यक्तिले निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

क) उमेर पुगेकाले नेपाली नागरिताको प्रमाण पत्र

ख)नागरिकता लिन उमेर नपुगेकाले नावालक परिचय पत्र वा जन्मदर्ता

ग) वडा कार्यालयको सिफारिस पत्र

घ) गा.पा ले वितरण गरेको अपांगता परिचयपत्रको  कार्डको प्रतिलिपि

ङ) पासपोर्ट साईजको फोटो २ प्रति,

च)आर्थिक सहायताका लागि  अपाङ्गता भएको ब्यक्तिले पेश गर्ने निवेदन

## परिच्छेद -५

## सिफारिस समिति

**५.सिफारिस समिति**

परिच्छेद नं. ४ बमोजिमका कागजपत्रहरु अध्ययन गरि आर्थिक सहयोग उपलब्ध गराउन मध्यम तथा सामान्य अपाङ्गता सिफारिस समिति रहने छ । जसमा तपशिलका पदाधिकारी रहने छन ।

क) अध्यक्ष : उपाध्यक्ष सुनकोशी गाउँपालिका

ख) सदस्य : प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी

ग) सदस्य : सामाजिक विकास समिति संयोजक

घ) सदस्यः लेखा शाखा प्रमुख

ङ) सदस्यः सामाजिक विकास शाखा

च) स-सचिव : महिला तथा बालवालिका शाखा

## परिच्छेद -६

## आर्थिक सहायताको सिमा र प्राप्त गर्न पुर्याउनु पर्ने प्रकृया

**६.१.आर्थिक सहायताको सिमा र प्राप्त गर्न पुर्याउनु पर्ने प्रकृया :** .मध्यम र सामान्य (ग, घ) वर्गका अपाङ्गता भएका ब्यक्तिहरु लाई आर्थिक सहयता दिने यस कार्यविधिको परिच्छेद ४ बमोजिमका कागजातहरु सहित परिच्छेद ५ बमोजिम गठिन समितिको सिफारिसमा ग र घ वर्गका पहिचान भई सिफारिस हुन आएका ब्यक्तिहरुलाई सुनकोशी गाउँपालिकाले मासिक रु ५०० का दरले आर्थिक सहयोग उपलब्ध गराउने छ यदी महिला तथा बालबालिका शाखाबाट विनियोजित रकम भन्दा बढी निवेदन संकलन भै आएमा संकलित निवेदनमा छलफल गरी आवश्यक निर्देशन सिफरिस समितिले गर्ने छ ।

२)यस्ता अपांगता भएका व्यक्तिहरुलाई उनीहरुको वैंक खातामा रकम जम्मा गरिने छ ।

३)अपांता परिचयपत्रको नविकरण र रकम भुक्तानीको प्रकृया पूर्ण अपांगता र अति अशक्त अपांगता सरह हुने छ ।

## परिच्छेद -७

## विविध

७.१.यस कार्यविधिको प्रयोजनका लागी आवश्यक पर्ने मध्यम र सामान्य(ग र घ वर्ग) परिचय पत्र अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि २०७५ बमोजिम सुनकोशी  गा.पा बाट जारि भएको हुनपर्नेछ ।

८. बचाउ : यो कार्यविधि बन्नु भन्दा अगाडी यस्ता व्यक्तिहरुलाई आर्थिक सहायता वा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराएको भए यसै कार्यविधि बमोजिम उपलब्ध गराएको मानिने छ ।

९. परिमार्जन र संशोधन : यस कार्यविधि आवश्यकता र औचित्यताको आधारमा परिमार्जन, परिवर्तन वा संशोधन गर्न सकिने छ ।

१०. अमान्य र बदर हुने : यस कार्यविधिमा उल्लेखित व्यवस्था प्रदेश र संघिय कानुन सँग बाझिएमा बाझिएको हद सम्म अमान्य र बदर हुने छ ।

११.खारेजी : गाउँकार्यपालिकाले कार्यविधिको आवश्यकता नभएमा यो कार्यविधि खारेजी गर्न सक्ने छ ।

## अनुसूची –१

मध्यम र सामान्य अपांगता भएका व्यक्तिहरुले आर्थिक सहायता प्राप्तका  लागि पेश गर्ने निवेदनको ढाँचा

फोटो

श्री वडा अध्यक्ष ज्यू                                                  मिति :

..............नं वडा कार्यालय

सिन्धुली ।

विषय : ..........................अपांगता भएकोले आर्थिक सहायता पाउँ ।

महोदय

सुनकोशी गाउँपालिका वडा नं .......बस्ने म.........................अपांग भएकोले सुनकोशी गाउँपालिकाबाट मिति.....................................मा प्रकाशित सूचना बमोजिम आर्थिक सहायता प्राप्तका लागि तपसिल अनुसारका कागजातहरु राखि यो निवेदन पेश गरेको छु ।

निवेदक

नाम थरः

वडा :

परिचयपत्र प्रकार वर्ग

१.नागरिकता वा जन्म दर्ता प्रतिलिपि १ थान

२.अपांग परिचयपत्रको प्रतिलिपी १ थान

३.पासपोर्ट साइजको फोटो २ प्रति